२० औं

आज मिति २०७४/१२/२४ गते युवा मेरो गैंगा अध्यक्ष टोला प्रमुख श्री नुपेन्द्र ब० खड्काको अध्यक्षतामा बैठक बसी तपसिलको निर्णय गरियो।

तपशिल

श्री नुपेन्द्र ब० खड्का, टोला प्रमुख
श्री रेनु आचार्य, टोला उपप्रमुख
श्री नवराज कार्की
श्री नन्द ब० बुढा
श्री जीत ब० थापा
श्री महाबिर खत्री
श्री प्रेम ब० शाह
श्री बल ब० खड्का
श्री कर्ण ब० मिजार
श्री पदम ब० खत्री
श्री लालकुमारी रावत
श्री भरत ब० बुढाथोकी
श्री तिलकराम डाँगी
श्री हरि प्र० कँडेल
श्री टिकाराम द्विवेदी
श्री रमना पाण्डे
श्री प्रतिक्षा बिष्ट
श्री शेर ब० कार्की
श्री मोतिमाया खत्री
श्री खिम ब० कार्की
श्री मुनिकुला थापा
श्री खिम कु० रावत
श्री बिष्णु खत्री
श्री भरत ब० ठाडा
श्री कुल ब० खड्का
श्री रत्निका परियार (का० स०)
श्री नरेन्द्र शर्मा देवे मार्ग
श्री सुरेन्द्र कुमार चौधरी

**प्रस्ताव नं. १ :** विषयगत शाखा व्यवस्थापनसम्बन्धमा ।

निर्णय नं. १ : यस नगरपालिकामा आउने विषयगत शाखाको सन्दर्भमा महिला विकास शाखालाई लक्षित महिलाको भवनमा राख्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २ : रकम विनियोजन** सम्बन्धमा ।

निर्णय नं. २ : यस भेरीगंगा नगरपालिकाको वडा नं. १२ मा रहेको रेडक्रस भवनको लागि ३ लाख र ईलाका प्रहरी कार्यालयको लागि १ लाख ३० हजार, रामघाट प्रहरी चौकीका लागि १ लाख ५० हजारका साथै वडा नं. १ को टाकुरी सिम्बास हुँदै भन्याङ्ग सडकका लागि ८ लाख रकम म्याचिङ फण्ड शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ :** पोलिथिन पाइन वितरण सम्बन्धमा ।

निर्णय नं. ३ : यस नगरपालिकामा खरिद गरिएको पोलिथिन पाइप सम्बन्धमा १३ वटै वडामा बराबर रुपमा वितरण गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ४ :** योजना संशोधन सम्बन्धमा ।

निर्णय नं. ४ : यस नगरपालिकाको वडा नं. १३ मा रहेको वडागत पार्कको योजनालाई यस वर्ष सम्पन्न गर्न नसकिनेभएकाले सो रकमलाई रोल्पालीटोलमा चौतारी निर्माण गर्नका लागि संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ५ :** योजना संशोधन सम्बन्धमा ।

निर्णय नं. ५ : यस नगरपालिकाको वडा नं. ८ अन्तगत खानेपानी शिर्षकको १० लाखको योजनामध्ये बचत ३ लाख, साविक मैनतडाको ६ र ७ को कुलो मर्मत अर्न्तगतको ५ लाख मध्ये बचत २ लाख र मेयरकोषबाट १ लाख ५० हजार गरी जम्मा ६ लाख ५० हजारबाट भेरीगंगा ८ कुइरे डिप बोरिङ गर्ने निर्णय गरी सो निर्णयलाई आगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

यसैगरी सोही वडाको सिचाई शिर्षकअर्न्तगतको सोलार सिचाई मैनतडा १५ लाखलाई मैनतडा र चौखेमा डिप बोरिङबाट खानेपानी निर्माण गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ६ :** योजना संशोधन सम्बन्धमा ।

निर्णय नं. ६ : यस भेरीगंगा नगरपालिका वडा नं. ७ को वडा स्तरिय पार्कको १ लाखमध्ये शिवमन्दीर घेरबार गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ७ :** योजना संशोधन सम्बन्धमा ।

निर्णय नं. ७ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ११ को पर्यटन संस्कृति शिर्षक अर्न्तगत बाघगुफा चरचरे सा.व. योजनालाई हेर्दा यसको २ लाख र वडागत पार्कको १ लाख गरी ३ लाखलाई वडागत पार्क बनाउने गरी योजना संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. ८ :** योजना संशोधन सम्बन्धमा ।

निर्णय नं. ८ : यस भेरीगंगा नगरपालिकाको वडा नं. २ को खानेपानी शिर्षकअर्न्तगत रतुपानी खा.पा. चरचरे खानेपानी योजनामा संशोधन गर्ने निर्णय गरियो । साथै हालसम्म भएका सबै संशोधनलाई नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

**प्रस्ताव नं. ९ :** योजना संशोधन सम्बन्धमा ।

निर्णय नं. ९ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ११ को डिल बहादुर खत्रीको घरदेखि मेनरोड सडक भन्ने योजनाको स्टमेटमा मेनरोडको नालीमा सेलेप बनाउने भन्ने स्टमेट भएको, रोडले बाटो चौडाइ बनाउने भएको सेलेप नबनाएर ग्राभेल गर्ने (बजेट ४ लाख ५० हजार) निर्णय गरियो । साथै इन्द्र ब को घर हुँदै पूर्ण ब को घर हुँदै सडक योजनाको स्टमेटमा नयाँ ट्र्याक खोल्ने र ७० मि. ग्राभेल गर्ने भएकाले ग्राभेल नगरी ट्र्याक अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं. १०: म्याद थप सम्बन्धमा ।**

निर्णय नं. १० : यस भेरीगंगा नगरपालिकाको आ.व. २०७३/०७४ को योजना बमोजिम सि एम/नञ्जिला एण्ड आकाक्षा/हाम्रो जेभि र श्याम एण्ड शंकर/नञ्जिला एण्ड आकांक्षा/हाम्रो जेभीको मिति २०७४/१२/२३ गते पेश गरेको निवेदनअनुसार रामघाट रिङ्गरोड र ओखलढुंगा मदानीचौर रिङ्गरोड योजनाको सन्दर्भमा कार्यालयको तर्फबाट इआइए/आइइ जस्ता प्रक्रियाहरु समयमा गर्न नसक्दा तथा बर्षातका कारण समयमै सम्पन्न गर्न नसकेकोले आगामी २०७५ असार मसान्तसम्मका लागि अन्तिम पटकका लागि यो म्याद थपिएको छ । साथै यो समयमा पनि सम्पन्न गर्न नसकेमा कानून बमोजिम कारबाही प्रक्रिया थालिने निर्णय गरियो ।

**प्रस्ताव नं. ११ : नगरको महत्वको योजना संचालन सम्बन्धमा ।**

निर्णय नं. ११ : यस भेरीगंगा नगरपालिकाको दीर्घकालिन विकासका लागि महत्वका, वृहद योजनाहरु संचालनका लागि नगरपालिका आफैले संचालन गर्न नसक्नेभएकाले यसको लागि शहरी विकास मन्त्रालय तथा सम्बन्धित निकायमा तपशिल बमोजिमका योजनाहरु संचालनका लागि अनुरोध गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

तपशिल

१ बसपार्क निर्माण सम्बन्धमा, भेरीगंगा १२, भेरीगंगा ११ र भेरीगंगा ९ मा

२ नगर सभाहल निर्माण सम्बन्धमा, नगरपालिका प्रशासनिक भवन नजिक

३ कवर्डहल निर्माण सम्बन्धमा

४ रंगशाला निर्माण सम्बन्धमा, भेरीगंगा नगरपालिका वडा नं. ८

५ नगरपालिकाका विभिन्न स्थानमा ढल निकास कार्य सम्बन्धमा

६ पर्यटकीय क्षेत्रहरु हरित पार्क, डुमकोट, बाघगुफा, चित्रगुफा, बराहडाँडा

७ दीर्घकालिन महत्वको हर्रेदेखि मनिरामकाँडा सम्मको पर्यटकीय कृषि सडक

**प्रस्ताव नं. १२ : नगरमा पर्ने मुख्य सडकको ठेला, टहरा हटाउने सम्बन्धमा ।**

निर्णय नं. १२ : यस भेरीगंगा नगरपालिकाको मिति २०७४/११/२१ गते प्रकाशन गरेको सार्वजनिक सूचना बमोजिम रत्न राजमार्ग अर्न्तगत बबईदेखि छिन्चु बजार हुँदै भेरी पुलसम्मको क्षेत्रमा ५० मिटर तथा सल्लीचोकदेखि छिन्चु जाजरकोट सडकको गोचेखोलासम्मको क्षेत्रसम्म सडक खण्डको ३० मिटर क्षेत्रभित्र पर्ने घर, पर्खाल, ठेला, गाडा, तारबार, निर्माण सामाग्रीहरुलाई चैत्र मसान्तसम्ममा हटाउन सूचना जारी गर्ने र स्वयं धनीहरुले नहटाएमा नगरपालिकाद्वारा स्थानिय स्वायत्त शासन ऐन तथा स्थानिय सरकार संचालन ऐन बमोजिम प्रक्रिया थाल्ने निर्णय गरियो । साथै सडक पेटीमा व्यापार व्यवसाय नगर्न/नगराउनुहुन सबै नगरबासीमा अनुरोध गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १३ : रकम विनियोजन सम्बन्धमा ।**

निर्णय नं. १३ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ६ मा रहेको राउटे बस्ने सिचाई कुलो योजनाका लागि ६ लाख रुपैयाँ साथै भेरीगंगा ३,सिस्नेकुटी गौजेगैरा सडकमा ७लाख र भेरीगंगा ११मा झुलुंगेपुल संरक्षणका लागि रु.६० हजार म्याचिङ्ग बाट विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१४ आजको यस कार्यपालिकाको बैठक समय अभावका कारण मिति ०७४ चैत २६ गते बिहान ७.०० बजे बस्ने गरी स्थगित गरियो ।

०७४/१२/२५

**प्रस्ताव नं. १४ : नक्सापास सम्बन्धमा ।**

निर्णय नं. १४ : यस भेरीगंगा नगरपालिका क्षेत्रभित्र नक्सापासका लागि नक्सा बनाउने कन्सल्टेन्सीले १००० वर्ग फिटभन्दा कम क्षेत्रफलको नक्सा बनाउँदा न.पा. भित्र रु १० हजार भन्दा बढी रकम लिन नपाईने गरी निर्णय गरियो । साथै नक्सापास फाइल सेवाग्राहीले नगरपालिकामा बुझाउँदा अनिवार्य रुपमा कन्सल्टेन्सीहरुले रकम बुझेको रसिद समेत नगरपालिकामा बुझाउनुपर्ने र सो भन्दा बढी रकम सेवाग्राहीसँग लिएको पाइएमा कन्सल्टेन्सीलाई कालो सूचीमा राखी कारबाही प्रक्रिया बढाउने साथै नक्सा पास प्रक्रियाका लागि फिल्डमा कार्यालय समयभन्दा अघि वा पछि जानुपर्नेभएकाले नक्सापास लेआउटका लागि प्रतिघर लेआउट वापत ४०० रुपैयाँ नापी शाखाका कर्मचारीलाईदिने निर्णय गरियो ।

**प्रस्ताव नं. १५ : वडा नं. ७ को योजना संशोधन सम्बन्धमा ।**

निर्णय नं. १५ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ७ मा रहेको खानेपानीतर्फ योजनाहरु (क्रम संख्या २३ मा निर्णय भएका) लाई तपशिल बमोजिम योजना संशोधन गर्दै नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

**तपसील**

१ चिसापानी खानेपानी पाइप खरिद र जडान ४ लाख ४५ हजार, २) काठेघारी खानेपानी पाइप खरिद, मर्मत, जडानका लागि ४ लाख ५५ हजार, ३) कार्कीटोल खानेपानी कुवा निर्माण १ लाख २० हजार, ४) डुमकोट खा.पा. कुवा निर्माण १ लाख २० हजार, ५) झयाक्रेघारी खा.पा. कुवा निर्माण १ लाख २० हजार, ६) मानकोट खा.पा. कुवा निर्माण १ लाख २० हजार, ७) काटेघारी मूल सडक खा.पा. कुवा निर्माण १ लाख २० हजार

साथै सोही वडाको सडक निर्माण तर्फको क.सं ३२ को सामाखोरियादेखि कुइनपानी सडक योजनालाई झिंनीदेखि कुइनपानी सडक निर्माण ५ लाख मा संशोधन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १६ : वडा नं. ४ को योजना संशोधन सम्बन्धमा ।**

निर्णय नं. १६ : यस भेरीगंगा नगरपालिकाको वडा नं. ४ मा प्रथम नगरसभाबाट पारित रहेको योजना सडक तर्फको क.सं. १३ को सानो हर्रेदेखि सालघारी सडक २ लाखलाई ठूलो हर्रेदेखि सालघारी सडक बनाउने र क.सं. १४ को कालीखोलादेखि ओलादगैरा सडक २ लाख रकमलाई ओदालगैरा खानेपानीमा संशोधन गराउने र सो योजनालाई संशोधनका लागि नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. १७ : वडा नं. १ को योजना संशोधन सम्बन्धमा ।**

निर्णय नं. १७ : यस भेरीगंगा नगरपालिकाको वडा नं. १ मा कार्यपालिकाबाट वडागत पार्कतर्फको रकमलाई वडा समितिको निर्णयअनुसार वडामा नगरसभाबाट गुराँसे टाँकुरी सिमबास हुँदै धनुवास सडकमा रकम हाल्ने निर्णय गरि सो निर्णयलाई आगामी नगरसभामा संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. १८ : यस नगरपालिकाको प्रथम नगरसभाबाट खेलकुद शिर्षकमा विनियोजन ६ लाख रकमबाट २ लाख रकम बसपार्क भेरीगंगा १२ मा शौचालय र खानेपानी निर्माणका लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. १९ : समय अभावका कारण मिति २०७४ साल २५ गते दिउसो १२ बजे बस्ने गरी आजको बैठक स्थगित गर्ने निर्णय गरियो ।